**आकाशवाणी समाचार- नेपाली**

मितिः १० मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालका नयाँ मुख्यमन्त्री शुभेन्दु अधिकारीले आफ्नो प्रशासनिक टोलीमा महत्वपूर्ण नियुक्तिहरू गर्नुभएको छ।

- तृणमूल कांग्रेसले बालीगंज विधायक शोभनदेब चट्टोपाध्यायलाई पश्चिम बंगाल विधानसभामा विपक्ष नेता नियुक्त गरेको छ।

- मोथाबाड़ी काण्डमा केंद्रीय जांच एजेंसी एनआईएले ठुलो कार्यवाही गर्दै कालियाचकका दुइ तृणमूल कांग्रेस नेताहरुलाई पक्राउ गरेको छ ।

- खरसाङकी वरिष्ठ स्रष्टा एंव आकाशवाणी खरसाङकी पूर्व वरिष्ठ उदघोषिका छिमी ओङ्गु लामालाई साहित्यमा मानार्थ डाक्टरेटको उपाधिले सम्मानित गरिएको छ।

**मुख्यमन्त्रीको नयाँ निजी सचिव नियुक्त**

पदभार ग्रहण गरेको केही घण्टामै, पश्चिम बंगालका नयाँ मुख्यमन्त्री शुभेन्दु अधिकारीले आफ्नो प्रशासनिक टोलीमा महत्वपूर्ण नियुक्तिहरू गर्नुभएको छ। २०१७ ब्याचका आईएएस अधिकारी शान्तनु बालालाई मुख्यमन्त्रीको नयाँ निजी सचिव नियुक्त गरिएको छ भने सेवानिवृत्त आईएएस अधिकारी सुब्रत गुप्तालाई मुख्यमन्त्रीको सल्लाहकार नियुक्त गरिएको छ।
सुब्रत गुप्ताले यसअघि पश्चिम बंगाल विधानसभा चुनावको समयमा निर्वाचन आयोगको विशेष पर्यवेक्षकको रूपमा काम गर्नुभएको थियो। उहाँलाई गत वर्ष अक्टोबरमा राज्यमा सुरु भएको विशेष गहन संशोधन (एसआईआर) अभियानको लागि विशेष पर्यवेक्षकको रूपमा पनि नियुक्त गरिएको थियो। निर्वाचन आयोगले उनको प्रदर्शनप्रति सन्तुष्टि व्यक्त गर्दै पछिल्ला विधानसभा चुनावहरूमा महत्त्वपूर्ण जिम्मेवारी दिएको थियो। मुख्यमन्त्रीको निजी सचिवको रूपमा नियुक्त हुनुभन्दा पहिले, शान्तनु बालालाई दक्षिण २४ परगना जिल्लामा अतिरिक्त जिल्ला मजिस्ट्रेट (एडीएम) को रूपमा नियुक्त गरिएको थियो। उनले पहिले कुचबिहार र मुर्शिदाबाद जिल्लामा एडीएमको रूपमा काम गरेका थिए।

उल्लेखनीय छ कि विधानसभा चुनावको घोषणा पछि, निर्वाचन आयोगले राज्यमा धेरै महत्त्वपूर्ण प्रशासनिक पदहरूमा फेरबदल गरेको छ। हाल, दुष्यन्त नारियाल राज्यका मुख्य सचिव हुनुहुन्छ, र संगममित्र घोष गृह सचिव हुनुहुन्छ। नयाँ सरकार गठन पछि यी पदहरूमा पनि परिवर्तन हुने अपेक्षा गरिएको छ, यद्यपि अहिलेसम्म कुनै आधिकारिक घोषणा गरिएको छैन।
स्रोतका अनुसार, मुख्यमन्त्री शुभेन्दु अधिकारी शुक्रबार नवान्नको भ्रमण गर्नेछन्, र नयाँ सरकारको पहिलो मन्त्रिपरिषद् बैठक पनि त्यही दिन हुन सक्छ।

**मुख्यमन्त्री बैठक**

मुख्यमंत्रीको शपथ लगतै शुभेंदु अधिकारी पूर्ण रुपमा एक्शनमा आउनु भएको छ। पार्टीको घोषणा पत्र अनुसार जनतासित गरिएको बाचाहरुलाई वास्तविकतामा उतार्न उहाँले कदम उठाउन शुरू गर्नुभएको छ । यस सम्बन्धमा कानून-व्यवस्थाको मुद्दा खुबै अहम छ। शुभेंदु अधिकारीले राज्यमा कानून-व्यवस्थाको स्थितिको समीक्षाका लागि मुख्य सचिव दुष्यंत नरियाला, पुलिस महानिदेशक सिद्धनाथ गुप्ता अनि अन्य वरिष्ठ अधिकारीहरुसित बैठक गर्नुभयो। सूत्र अनुसार, बैठकमा कोलकाता पुलिस आयुक्त अजय नंद पनि उपस्थित थिए। त्यही यो जानकारी पनि अघि आएको छ कि शुभेंदु अधिकारीले सोमवार राज्यमा कानून-व्यवस्थाको स्थिति माथि एक महत्वपूर्ण मीटिंग गर्नुहुनेछ। यो मीटिंग राज्यका DG, CP अनि SPs सित बेलुकी 5 बजे नवन्नाको मीटिंग रूममा

सम्पन्न हुनेछ। यो पनि बताइएको छ, बैठकको स्थान परिवर्तन हुन सक्ने छ। मुख्यमंत्री शुभेंदु अधिकारीको पुलिस प्रशासनसित यो पहिलो बैठक हुनेछ। यस बैठक चुनाव पछि हुने हिंसाले महिलाहरुको सुरक्षा अनि राज्यको कानून व्यवस्था माथि चर्चा हुनेछ।

**पं बंगाल विधानसभा-विपक्ष नेता**

तृणमूल कांग्रेसले बालीगंज विधायक शोभनदेब चट्टोपाध्यायलाई पश्चिम बंगाल विधानसभामा विपक्ष नेता नियुक्त गरेको छ। पार्टीले घोषणा गरे अनुसार धनेखाली विधायक असीमा पात्रा अनि चौरंगी विधायक नयना बंद्योपाध्याय विपक्षका उपनेता हुनेछन। कोलकाता पोर्ट विधायक फिरहाद हकीमलाई विधानसभाको मुख्य सचेतक नियुक्त गरिएको छ। पार्टीले भनेको छ नवनियुक्त नेताले बंगालका जनताको हितमा प्रतिबद्धताको साथ काम गर्नेछ।

**कोलकाता पुलिस**

पश्चिम बंगालमा सत्ता परिवर्तन पछि अब कोलकाता पुलिसको आधिकारिक एक्स अकाउंटमा ठुलो बदलाव देखिएको छ। कोलकाता पुलिसले पूर्व मुख्यमंत्री ममता बनर्जी अनि तृणमूल कांग्रेसका राष्ट्रीय महासचिव अभिषेक बनर्जीलाई 'अनफॉलो' गरेको छ।

हाल कोलकाता पुलिसको आधिकारिक एक्स अकाउंट, कुल 42 अकाउंट्सलाई फलो गरिरहेको छ। यस सूचीमा प्रधानमंत्री नरेंद्र मोदी, नयाँ मुख्यमंत्री शुभेंदु अधिकारी, प्रधानमंत्री कार्यालय, केंद्रीय गृह मंत्री अमित शाह अनि गृह मंत्रालयको आधिकारिक अकाउंट सामेल छ।

उल्लेखनीय छ, चार मईमा पश्चिम बंगाल विधानसभा चुनावको नतीजा घोषित भएको थियो, जसमा भाजपाले 207 सीटहरुमा जीत दर्ता गरेको थियो। हिजो ब्रिगेड मैदानमा शुभेंदु अधिकारीले मुख्यमंत्री पदको शपथ लिनु भयो। यसै राजनीतिक बदलावको माहौलमा कोलकाता पुलिसको सोशल मीडिया अकाउंटमा यो परिवर्तन अघि आएको हो।

**एन आइ ए कार्यवाही**

मोथाबाड़ी काण्डमा केंद्रीय जांच एजेंसी एनआईएले ठुलो कार्यवाही गर्दै कालियाचकका दुइ तृणमूल कांग्रेस नेताहरुलाई पक्राउ गरेको छ। प्राप्त जानकारी अनुसार कालियाचक एक नंबर ब्लॉकका तृणमूल ब्लॉक अध्यक्ष सरयूल शेख अनि सुजापुर क्षेत्रका पूर्व अध्यक्ष यूसुफ शेखलाई पक्राउ गरेको छ। यो कार्यवाही हिजो बेलुकी भएको हो।

जानकारी अनुसार, मतगणना भन्दा एक दिन अघि कालियाचकका नौ तृणमूल नेताहरुलाई सोधपुछका लागि नोटिस पठाइएको थियो। जसमा जिला परिषदको वन एवं भूमि कर्माध्यक्ष अनि सुजापुर विधानसभाकी उम्मीदवार सबीना यासमीनको चुनाव एजेंट अब्दुर रहमान, ब्लॉक अध्यक्ष सरयूल शेख, पूर्व खाद्य कर्माध्यक्ष हाजी केताबुद्दीन शेख अनि यूसुफ शेख समेत अन्य सामेल थिए।

**सौरेनी रबिन्द्रनाथ उच्चत्तर बिद्यालय**

मिरिक महकुमा अन्तर्गत सौरेनी रबिन्द्रनाथ उच्चत्तर बिद्यालयको बर्ष 1989 को ब्याचका बिद्यार्थीहरुले हिजो सम्मान कार्यक्रमको आयोजना गर्‍यो। कार्यक्रममा मुख्य अतिथिको रूपमा भुतपुर्व शिक्षक धर्मराज बम्जन उपस्थित हुनुहुन्थ्यो भने स्कुलका भुतपुर्व शिक्षक शिक्षिकाहरुलाई बिशेष कार्यक्रम माझ सम्मानित गरियो। बर्तमान अनि भावी पुस्तालाई संस्कार अनि परम्पराबारे जागरुक गराउने उदेश्य राखेर आयोजना गरिएको कार्यक्रमलाई प्रेमदासले संचालन गरेका थिए। आफूलाई शिक्षादान गरि जिवनमा एक योग्य नागरिक बनाउन अतुलनीय योगदान दिनुहुने गुरुगुरुलाई भुल्न नसकिने आयोजक समितिका संयोजक बिजय दास राईले जानकारी दिनु भएको छ।

**मिरिक- आगलागी**

मिरिक महकुमा अन्तर्गत घैयाबारी मन्दिर गाउँस्थित विनोद छेत्रीको घरमा हिजो दिउँसो आगलागी भएको छ। घरमा कोही नभएको बेला आगो लागेको बताइएको छ भने स्थानीय गाउँ बासी अनि मिरिक अग्नी विभाग दमकल घटना स्थलमा सहयोगमा आगोलाई नियन्त्रण गरिएको छ।

आगलागीका कारण घर ध्वस्त भएको अनि घरभित्र राखिएको आवश्यक कागजपत्र, नगद, सुन आदि पनि जलेको पिडित बिनोद छेत्रीले बताए। उनले आगोको कारण बारे थाहा नभएपनि सट सर्किट भएको हुन सक्ने अनुमान व्यक्त गर्दै स्थानीय सरकारप्रति गुहार लगाएका छन। अर्कोतिर घटनास्थल पुगेका स्थानीय ग्राम पंचायत सदस्य सिमा राईले स्थानीय पंचायतवाट हुन सक्ने सहयोग गरिने आश्वासन दिए।

**दिलिप घोषसँग गोर्खा जनमुक्ति मोर्चा टोलीको भेटघाट**

गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङ र महासचिव रोशन गिरिले हिजो कोलकातामा पश्चिम बंगाल सरकारका क्याबिनेट मन्त्री दिलिप घोषसित औपचारिक भेटवार्ता गरेको दाबी गरेको छ । मोर्चाको आधिकारिक सोसियल मिडियामा भेटवार्ताको क्रममा दार्जिलिङ पहाड, तराई तथा डुवर्स क्षेत्रसँग सम्बन्धित विभिन्न समसामयिक राजनीतिक विषयहरूमाथि विस्तृत छलफल भएको बताइएको छ। विशेषगरी ती क्षेत्रहरूको स्थायी राजनीतिक समाधानका लागि आवश्यक नयाँ संवैधानिक व्यवस्थाको विषयमा गोर्खा जनमुक्ति मोर्चाले आफ्नो तर्फबाट नयाँ सरकारको ध्यानाकर्षण गराएको छ।

मोर्चा नेतृत्वले गोर्खा जातिको अधिकार, पहिचान तथा दीर्घकालीन समाधान सुनिश्चित गर्न केन्द्र र राज्य सरकारसँग सकारात्मक पहलको अपेक्षा राखेको समेत जनाएको छ।

**गोरामुमो तराई समष्टिको सभा सम्पन्न~**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक ब्रान्च अन्तर्गत तराई समष्टि कमिटीको एउटा सभा तराई समष्टि कमिटीका अध्यक्ष कर्ण प्रधानको सभाध्यक्षतामा उत्तर च्याँगा साईनगरस्थित सामुदायिक भवनमा सम्पन्न भयो। सभामा तराई समष्टिका प्रायः सबै शाखाहरू बाट जनप्रतिनिधि एवं पदाधिकारीहरु उपस्थित थिए।

सभामा विभिन्न शाखाका पदाधिकारीहरुले अब द्रुतगतिमा संगठन विस्तारको निम्ति काम गर्नुपर्ने निर्णय व्यक्त गरे भनेउपस्थित केन्द्रिय सदस्य भुवानी प्रसाद दुलालले पनि सबै सित मित्र भावमा अघि बढेर घरदैलो कार्यक्रम आयोजन गर्नुपर्ने आवश्यकता व्यक्त गरे। उनले यस क्रममा शाखास्तरबाट यथाशिघ्र कार्यक्रम आरम्भ हुने कुरा राखे। आजको सभामा समष्टिका सबै शाखाहरुलाई सक्रियतापूर्वक विस्तार गर्न सर्वसम्मतिले निर्णय गरेको छ।

**छिमी ओङ्गु लामा**

खरसाङकी वरिष्ठ स्रष्टा एंव आकाशवाणी खरसाङकी पूर्व वरिष्ठ उदघोषिका छिमी ओङ्गु लामालाई साहित्यमा मानार्थ डाक्टरेटको उपाधिले सम्मानित गरिएको छ। दक्षिण सिक्किमको नाम्चीमा रहेको डिभाइन थियोलोजिकल ओपेन युनिभर्सिटीको नवौं दीक्षान्त समारोहमा उनलाई उक्त मानार्थ डाक्टरेटको उपाधिले सम्मान जनाइएको छ। यस अवसरमा उनलाई डिभाइन थियोलोजिकल ओपेन युनिभर्सिटीको कूलपति डा एमके राईको बाहुलीबाट उक्त मानार्थ डाक्टरेटको उपाधिले सम्मानित गरिएको छ।

****** ० ******